# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, जेठ २१ गते, २०७८ साल (अतिरिक्ताङ्क ८

## भाग-२

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

### प्रदेश सरकार कार्य सम्पादन (तेस्रो संशोधन) नियमावली, २०७८

प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "प्रदेश सरकार कार्य सम्पादन (तेस्रो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ को नियम ९ मा संशोधनः</u>** प्रदेश सरकार कार्य सम्पादन नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९ मा रहेका "आन्तरिक मामिला, कानून, युवा तथा खेलकूद मन्त्रालय" भन्ने शब्दहरुको सट्टा " आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल नियमावलीको अनुसूची-३ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची- ३ को,-

(१) प्रकरण नं. २ मा रहेका "प्रशासन समितिको कार्यक्षेत्र" भन्ने शब्दहरुको सट्टा "प्रशासन तथा विधेयक समितिको कार्यक्षेत्र" भन्ने शब्दहरु राखिएका छन् ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) प्रकरण नं. ३ मा रहेका “सामाजिक समितिको कार्यक्षेत्र” भन्ने शब्दहरुको सट्टा “आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको कार्यक्षेत्र” भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
शंकर बहादुर के.सी.
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय